# "स्वच्छ रोहिणी समृद्ध रोहिणी"

# रोहिणी गाउँपालिका रूपन्देहीको

# आर्थिक बर्ष २०८२/०८३ को बार्षिक

# बजेट कार्यक्रम प्रस्तुतीकरण

## सभाध्यक्ष , उपाध्यक्ष एवं सदस्य महानुभावहरू,उपस्थित सम्पूर्ण महानुभावहरु

रोहिणी गाउँपालिकाको गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८२/८३ को आय ब्यय सहितको बार्षिक बजेट ,योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

यस महत्वपूर्ण अवसरमा देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म ल्याउने क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नु हुने सम्पूर्ण महान शहिदहरु तथा राष्ट्रप्रेमी दिवंगत देशभक्त महानुभावहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै नेपाली समाज रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु।

नेपालको संविधानले संघीय शासन व्यवस्था अन्तर्गत राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानिय तहले गर्ने गरी तीनवटै तहको एकल तथा साझा अधिकारको ब्यवस्था गरेको छ । तीनवटै तहका सरकारले संविधान र कानूनको सिमा भित्र रही स्वतन्त्र रुपमा अधिकारको प्रयोग गर्ने अवसर प्राप्त गरेका छन् ।

स्थानिय तहका विद्यायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भइ कार्यान्वयनमा रहेको छ । संवैधानिक ब्यवस्था अनुरुप संघीय लोकतान्त्रीक गणतन्त्र र संघीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार सञ्चालन गर्नुपर्ने अभिभारा हामी जनप्रतिनिधिहरु उपर

विश्व प्रसाद यादव

आएकोले लोकतान्त्रिक समावेशी, जवाफदेही र प्रभावकारी स्थानीय शासनको अनुभूती जनतालाई गराउने दायित्व जनप्रतिनिधीमा रहेको छ।

**सभाध्यक्ष महोदय,**

**कृषि, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य संस्कृति र सभ्यता । सुखी जनता र समृद्ध रोहिणीको प्रतिवद्धता** भन्ने दिर्घकालीन सोच अनुरुप आर्थिक, सामाजिक विकासको मौलिक ढाचामा रोहिणी गाउँपालिका अगाडी छ। जनअभिमतबाट जनप्रतिनिधि भई स्थानिय शासन सञ्चालन गर्दै आइरहेकोमा जनताको हामी प्रति उच्च अपेक्षा रहनु स्वभाविक हो । रोहिणी गाउँपालिका भित्रका सबै क्षेत्र वर्ग र समुदायका महत्वपूर्ण आवश्यकताहरुलाई सम्बोधन गर्दै जनताको जीवनस्तर बृद्धि र आत्मनिर्भर बनाउने मान्यताका साथ यो बजेट तर्जुमा गरिएको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान संघिय, प्रादेशिक तथा स्थानीय तहको दीर्घकालीन सोच, संघीय पन्ध्रौ योजना र प्रादेशिक दोश्रो आवधिक योजनाहरु, दिगो विकासका लक्ष्यहरु, संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, स्थानीय तहको प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा सहभागी राजनीतिक दलहरुका घोषणा पत्रहरु, उपलब्ध स्रोत र साधनहरु, रोहिणी गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यू हरु, राजनैतिक दलहरु, विभिन्न

संघ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजीवि, पत्रकार र रोहिणी गाउँपालिकाका आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझाबहरुलाई समेत आधार मानेर बजेट निर्माण गरेको छु । बार्षिक बजेट रोहिणी गाउँपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजार रहेको ब्यहोरा सम्मानित सभामा राख्न चाहान्छु । संघिय र प्रदेश सरकारबाट प्राप्त मार्ग दर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरिक आयको अवस्था समेतको आधारमा रही बजेट निर्माण गरेको छु ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । **बजेटका उद्देश्यहरु निम्न अनुसार निर्धारण गरेको छु ।**

१. आर्थिक, सामाजिक, पूर्वाधार विकास र संस्थागत सुशासन मार्फत गरिवी निवारण गरि समृद्ध रोहिणी निर्माण गर्ने ।

माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि निम्न क्षेत्रहरुमा **प्राथमिकता निर्धारण गरेको छु ।**

सर्वसुलभ गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको पहुँच नागरिकमा पुर्‍याउने

१. कला संस्कृतिको पहिचान, संरक्षण र सम्वर्द्धन गर्ने ।

२. गरिबी न्यूनीकरण, रोजगारी सिर्जना र आयआर्जन वृद्धि गर्दै दिगो विकासमा प्रत्यक्ष योगदान पुर्‍याउने ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

३. आन्तरीक राजस्व वृद्धि र परिचालनमा सहयोग पुऱ्याउने । राजस्वका दर तथा दायराहरूलाई समयानुसार वैज्ञानिकीकरण परिमार्जन र परिवर्तन गर्ने ।
४. सडक, खानेपानी, विद्युत, भवन जस्ता पूर्वाधारको विकास गर्ने ।
५. स्वच्छ वातावरणको संरक्षण गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।
६. जेष्ठ नागरिक सम्मान साथै लक्षित बर्गको सशक्तिकरणमा जोड दिने ।
७. विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिने ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. ०८२/८३ को लागि रोहिणी गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु ।

कृषिलाइ आर्थिक समृद्धीको मेरूदण्ड मान्दै **"ब्यवसायिक कृषि पेशा अबलम्वन गरौं आत्म निर्भर बनौं"** भन्ने उद्देश्यका साथ कृषिलाई ब्यवसायिकरण तथा बजारीकरण गर्न अभिप्रेरित गर्ने गरी बजेट ब्यवस्था गरेको छु । यसबाट कृषिमा व्वसायिकता बढ्ने र साना किसानको समेत जीवन स्तर उकास्न मद्दत पुग्ने गरि आवश्यक बजेट विनयोजन गरेको छु ।कृषि क्षेत्रलाई बिशेष प्राथमिकतामा राखी रोहिणी गाउँपालिकाको खाद्य सुरक्षा र पोषणका लागि कृषि क्षेत्रको प्रथमिकिकरण २ करोड ५५ लाख यो बर्ष पनि निरन्तरता दिएको छु. ।चैते धान प्रर्वद्धन कार्यक्रम (चैते धान आत्मनिर्भर कार्यक्रम) को लागि रु.१० लाख बिनियोजन गरेको छु ।

कृषकलाई प्रोत्साहन गर्न पकेट बिकास कार्यक्रम सञ्चालन गर्न रु.८ लाख बिनियोजन गरेको छु ।



शिव प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको सिर्जना गराउन कार्यक्रमको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

कृषि विकास र उत्पादन बृद्धिका लागि सिंचाई सुविधा अभिवृद्धि हुने सबै सम्भावित कार्यमा गाउँपालिकाले सहयोग नीति अनुरुप सिञ्चाई सुविधा पुर्याउन बजेट ब्यवस्था गरेको छु ।

माछा पालन/बाख्रा पालन/कुखुरा पालन ब्यवसायको माध्यमबाट आय-आर्जन बृद्धि तथा रोजगारीमा बृद्धि गर्नका लागि कृषि क्षेत्र विस्तार गर्न अभिप्रेरित गराई नयाँ पोखरी निर्माण तथा बाख्रा पालन/कुखुरा चल्लामा अनुदान तथा पुराना पोखरी भएका कृषकहरुलाई भुरा तथा उत्पादनमा अनुदान दिने नीति अनुसार अनुदान उपलब्ध गराउन बजेट ब्यवस्था गरेको छु

## सामजिक विकास

### स्वास्थ्यः

नेपाल सरकारको नीति अनसार अत्यावश्क स्वास्थ्य सेवाको पहुँच एवं गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य सेवा पूर्वाधार विकास र निशुल्क औषधी वितरण प्रणालीलाई थप व्यवस्थित गर्दै लगिने छ । अत्यावश्यक औषधीको ब्यवस्थापनका लागि सशर्त बजेट रु.१० लाख र गाउँपालिकाबाट थप रकम १५ लाख स्वास्थ्य शाखाको लागि बजेट विनियोजन गरेको छु ।



विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

गाउँपालिकाबाट सञ्चालन भईरहेका एम्बुलेन्स र दमकल सञ्चालन र व्यवस्थापन गर्नको लागि ५ लाख बजेट व्यवस्था गरेकों छु ।

खोप, सुरक्षित मातृत्व , प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उत्प्रेरित गराई उचितरुपमा परिचालन गर्नेको लागि महिला स्वय सेवीका प्रोत्साहन भत्ता र महिलास्वयसेवीका बिदाई कार्यक्रमको लागि १८ लाख बिनियोजन गरेको छु ।

प्रजनन स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्न प्रसुती गृह निर्माण र सञ्चालनलाई ब्यवस्थित र प्रभावकारी बनाईने छ । आमा र शिशुको स्वास्थ्यलाई ध्यान राखि बर्थिङ्ग सेन्टर तथा अस्पतालमा सुरक्षित सुत्केरी गराउन प्रोत्साहन गर्ने र बर्थिङ्ग सेन्टर तथा अस्पतालमा प्रसुती गराएका रोहिणी गाउँपालिका भित्र स्थायी बसोबास भएका सुत्केरी महिलालाई उपाध्यक्ष सुत्केरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरी पोषण सामाग्री उपलब्ध गराउन बजेट ब्यवस्था गरेको छु ।

अधुरो पोखरभिण्डी स्वास्थ्य चौकी निमार्णको लागि १२ लाख र प्राथमिक स्वास्थ्य केन्द्र धकधई संचालन र व्यवस्थापनको लागि ५ लाख बजेट ब्यवस्था गरेको छु ।
पालिका अन्तर्गत निमार्णधिन १५ शैय्या आधारभुत अस्पतालको लागि संघीय सरकारबाट प्राप्त ५ करोड १३ लाख बिनियोजन गरेको छु ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

शिक्षाः

**"गुणस्तरीय शिक्षा रोहिणीको प्रतिबद्धता"** भन्ने मुल धेय सहित सबै बालबालिकालाइ विद्यालयमा अनिवार्य पठाउँ, सिकाउँ र टीकाउँ भन्ने अभियान सहित सामुदायिक, धार्मिक विद्यालयहरूमा भौतिक, पुर्वाधार विकास संगै गुणस्तरीयता अभिबृद्धि गर्न विभिन्न कार्यक्रमको लागि आवश्यक बजेट को ब्यवस्था गरेको छु ।

धार्मिक विद्यालयहरु मदरसाको भौतिक र शैक्षिक विकासमा टेवा पुऱ्याउने नीति अनुरुप बजेट ब्यवस्था गरेको छु ।

सामुदायिक तथा धार्मिक विद्यालयहरुमा खानेपानी, सरसफाई एवम् वाल तथा छात्रा मैत्री शौचालय निर्माण कार्यको लागि विशेष प्राथमिकता साथ कार्यक्रम सञ्चालन गरिने छ । छात्राहरुलाई नियमित विद्यालय आउने वातावरण श्रृजना गरिने छ र संघीय सरकारको सहयोगमा सामुदायिक विद्यालयमा अध्ययन रत किशोरीहरुलाई सेनेटरी प्याड निःशुल्क र भरपर्दो तरिकाबाट उपलब्ध गराइने नीति अनुरुप रु.१९ लाख ३९ हजार बजेट ब्यवस्था गरेको छु ।

सामुदायिक तथा धार्मिक सार्वजनिक विद्यालयहरुको मर्मत सुधार, भौतिक विकास तथा फर्निचर निर्माण सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याउने बजेट ब्यवस्था छु ।

सवै धर्म संस्कृतिको संरक्षण सम्वर्धन र उत्थान गरी सदभाव कायम गर्न र सघाउ पुऱ्याउन वजेट विनियोजन गरेको छु ।

आर्थिकरुपले विपन्न असहाय अनाथ उपचारवाट वञ्चित परेकाको एकिन गरी सहायता गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।



दिर्घा प्रसाद यादव
अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७६

**महिला बालबालिका ज्येष्ठ नागरिक लगायत लक्षित समुदायः**

आर्थिक, सामाजिक र शैक्षिक रुपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, मुस्लिम, पिछडावर्ग, अपांङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सीपमूलक ,आयमुलक र रोजगारमुलक कार्यक्रम सञ्चालन गर्नको बजेट विनियोजन गरेको छु ।

अपांङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर र स्वाभिमानी बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पहुँच बढाउन उनीहरुको सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।घर परिवार र समाजमा फरक क्षमता भएका ब्यक्तिलाई माया गर्ने वातावरण श्रृजना गर्न सचेतनामुलक कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
लैगिक हिंसा र विभेदको अन्त्य गरी समानतता कायम गर्न बजेट विनियोजन गरेको छु ।

दलित वर्गको उत्थान, विकास, संरक्षण, सम्वर्द्धन र सशक्तीकरण विकास र आय आर्जनका लागि जोड दिईनेछ ।
मुस्लिम तथा पिछडिएका वर्गको आय आर्जन, सीप विकास जस्ता प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।
महिला बालबालिका शाखामा ७ लाख बजेट विनियोजन भएको छ।



बिद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

शिक्षाको लागि पालिकाबाट ३ करोड बजेट विनियोजन गरेको छु।

**युवा तथा खेलकुदः**

राष्ट्रका लागि खेलकूद र स्वास्थ्यका लागि खेलकूद भन्ने मान्यता अनुसार युवा केन्द्रित खेलकूद कार्यक्रम सञ्चालन गर्न अध्यक्षकप भलिवल प्रतियोगिता सञ्चालन गरी खेल संस्कृतिको विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

विद्यालय स्तरका विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्नका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन को लागि बजेट विनियोजन गरेको छु। युवाहरुमा उद्यमशीलता, सृजनशीलता एवम् सकारात्मक सोचको विकास गर्ने अभिप्रायका साथ सोही अनुरुपका सीप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालनको लागि लघु उद्यम कार्यक्रम मार्फत आवश्यक बजेट विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाईः-**

सवैका लागि स्वच्छ खानेपानी सुविधा पुऱ्याउन खानेपानीका लागि भुमिगत पानीको व्यवस्था सहित ओभरहेड ट्याङकी निर्माण गरी स्वच्छ खानेपानी ब्यवस्थापन गर्न, धकधई खानेपानी आयोजना लगायत रोहिणीका उपभोक्तालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरुलाई विस्तार गर्न आवश्यक बजेट विनियजन गरेको छु ।



बिधा प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

बाल विवाहलाई निरुत्साहित गर्ने उद्देश्यले २० वर्ष पुगिसके पछि विवाह गर्ने बालिकालाई प्रोत्साहन गर्न १० लाख बजेट विनियोजन भएको छ ।

**ग) पुर्वाधार विकासः**

गाउँपालिकाको प्रशासनिक भवन ।यसै आर्थिक वर्षमा निर्माण कार्य गरिसक्ने गरि कार्य निरन्तरता दिइ निमार्णका लागि २ करोड बजेट व्यवस्था गरेको छु ।

पुर्वाधार विकासका लागि नाली निर्माण, पिसीसी ढलान र भवन मर्मत संम्भारको लागि अवश्यक बजेट विनियोजन गरेको छु ।

हुलाकी सडक देखि लक्ष्मीपूरको गाउँ हुँदै भेलाई सम्म कालोपत्रे बाटो निमार्णको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

रोहिणी वडा नं. २ भटपुरवा-लखनौतिया-सैलिहवा जाने सडक निमार्णको लागि १ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

जनचेतना मा.वि. रोहिणी ३ परासीझुङ्गामा ८ कोठे भवनको लागि बजेट विनियोजन गरेको छु।

रोहिणीको ऐतिहासिक बिर्नीको शिव मन्दिर, वडा नं. २ को श्री रामजानकी मन्दिर र वडा ३ को कोटहीमाई मन्दिरको निर्माण तथा व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु।



बिद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

### घ. वन  वातावरण तथा विपद व्यवस्थापन

गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थलहरुको संरक्षण र सम्वर्द्धनका लागि योजना बनाई सरोकारवालाको सहभागिता जुटाई वृक्षारोपणका कार्यक्रम क्रमशः सञ्चालन  गर्न  बजेट व्यवस्थापन गरेको छु। विपद् आउन नदिन जनचेतना अभिवृद्धि गर्ने तथा विपद् आइपरेमा राहत, पुर्नस्थापना तथा उद्दार कार्य गर्न विपद् व्वस्थापन कोषको माध्यमबाट उद्दार सामाग्री सहितको व्यवस्था गर्न तथा वातावरण सँरक्षण हरियाली प्रवर्धन हरित विद्यालय लगायत  विपद् व्यवस्थापन कोष को लागि आवश्यक बजेट विनियोजन गरेको छु । वातावरण तथा विपद् व्यवस्थापन शाखा २५ लाख बजेट विनियोजन गरेको छु।

### ङ ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः-

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरूलाई उद्यान स्थापना र सार्वजनिक पोखरी सुन्दरीकरण विद्यालय रङ्गरोगंन लगायतका कार्यमा प्राथमिकता दिई वातावरण संरक्षणको लागि योगदान पुऱ्याउने ब्यवस्था मिलाएको छु।

कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउदै लगिनेछ । सबै कर्मचारीहरुलाई कम्प्यूटरको आधारभूत ज्ञान र सीपको विकास  गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

स्थानीय तह स्वःमूल्याङ्कन(LISA) कार्यविधीले निर्दिष्ट गरेका बिषयक्षेत्र हरु, सूचक र मापदण्ड हरु कार्यान्यन र अनुशरण गर्दै गाउँपालिकाको संस्थागत सक्षमतालाई सुदृढ र प्रतिस्पर्धी बनाउदै लगिनेछ यसको लागि बजेट विनियोजन गरेकोछु ।

न्यायीक समितीको सुदृढिकरणको लागि विषयक्षेत्र अध्ययन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधि विकासमा आवश्यक बजेट विनियोजन गरेकोछु ।

सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

गाउँपालिकामा गाउँ प्रहरी भर्ना तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

योजना, जिन्सी लगायतका क्षेत्रमा क्रमशः सफ्टवेयर मार्फत ब्यवस्थापन गर्ने, आवश्यक स्थानहरुमा सि.सी.टि.भि क्यामरा जडान, संचार माध्यमबाट विद्युतीय सिकाई, गाउँपालिकाका, वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा क्रमशः ईन्टरनेट सुविधाको



विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

वडा नं. ३ परासीझुङ्गा देखि वडा नं. ४ गजनपुर पुग्ने पुलको डिपिआर निर्माणको लागि १० लाख बजेटको विनियोजन गरेको छु।

ठूला योजनाहरु संघ र प्रदेश सरकार सँगको सहभागितामा सञ्चालन गर्ने नीति अबलम्वन गरिनेछ। संघीय सरकार संगको सहकार्यमा सञ्चालन हुने समपुरक योजनाको लागि १ करोड ५० लाख बजेटको ब्यवस्था गरेको छु ।

आ.व. २०८२/०८३ को बजेट अनुमानित बजेट रु. ५९,१७,००,००० उन्साठी करोड सत्र लाख रहेको छ।

**गाउँपालिकाको आ.व.२०८२/०८३ को बजेटको स्रोत देहाय बमोजिम रहेको छ ।**

क. आन्तरिक आय रु.१,९६,१२,८८४ (एक करोड छयानब्बे लाख बाह्र हजार आठ सय चौरासी)

ख. संघीय सरकारबाट प्राप्त रु.५१,१४,९३,११६(एकाउन करोड चौध लाख त्रिरानब्बे हजार एक सय सोह्र)

ग. प्रदेशसरकारबाट प्राप्त रु.३,२३,९४,०००(तीन करोड तेइस लाख चौरानब्बे हजार)

घ. बैंक मौजदात रु. २,५०,००,०००(दुई करोड पचास लाख)

ङ. जिल्ला समन्वय समिति रु. ७२,००,०००(बहत्तर लाख )

गरी जम्मा ५९,१७,००,००० उन्साठी करोड सत्र लाख अनुमान गरेको छु ।



विद्या प्रसाद यादव
अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## यसै गरि विनियोजन तर्फ

| सि.न | शीर्षक | रकम | अक्षर |
|---|---|---|---|
| १ | प्रदेश सरकारबाट प्राप्त सशर्त समपुरक र विशेष | १४५००००० | एक करोड पैंतालिस लाख |
| २ | संघीय सरकार सशर्त समपुरक विशेष | २९३०००००० | उनन्तीस करोड तीस लाख |
| ३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९२५००००० | नौ करोड पचीस लाख |
| ४ | शिक्षा तर्फ | ३०००००००० | तीन करोड |
| ५ | क्रमागत योजना / समपुरक | ३७५००००० | तीन करोड पचहत्तर लाख |
| ६ | प्रतिवडा ९५. लाख | ६६५००००० | छ करोड पैसाठी लाख |
| ७ | गाउँपालिका उपाध्यक्ष | १०००००००० | एक करोड |
| ८ | गाउँपालिका अध्यक्ष | ३१६००००० | तीन करोड सोह्र लाख |
| ९ | स्वास्थ्य शाखा | १५००००० | पन्ध्र लाख |
| १० | कृषि, पशु तथा माछा शाखा | १५००००० | पन्ध्र लाख |
| ११ | महिला बालबालिका तथा ज्यठ नागरिक शाखा | ७००००० | सात लाख |
| १२ | न्यायिक समिति शाखा | १०००००० | दस लाख |
| १३ | वातावरण तथा विपद् व्यवस्थापन शाखा | २५००००० | पचीस लाख |
| १४ | उद्यम शाखा | २००००० | दुई लाख |
| १५ | गाउँ ब्लक नापी | १०००००० | दस लाख |
| १६ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका बिदाई कार्यक्रम | ८००००० | आठ लाख |
| १७ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका प्रोत्साहान भत्ता | १०००००० | दस लाख |



विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| १८ | ब्लड बैकं / आँखा उपचार तथा शल्यक्रिया | ५००००० | पाँच लाख |
| १९ | एम्बुलेन्स तथा दमकल व्यवस्थापन | ५००००० | पाँच लाख |
| २० | धकधई प्राथमिकस्वास्थ्य केन्द्र व्यवस्थापन खर्च | ५००००० | पाँच लाख |
| २१ | अधुरो पोखरभिण्डी स्वस्थ्य चौकी निमार्ण | १२००००० | बाह्र लाख |
| | जम्मा बजेट | ५८८५००००० | |

**बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचि मा प्रस्तुत गरेको छु ।**

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू उद्देश्य अनुरूप कार्यान्वयन गरी  खुसी र सुखी रोहिणी बनाउन हाम्रा सम्पूर्ण सभाका सदस्यहरू लाग्नु हुने छ । यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा झै खटिनु हुने छ भन्ने अपेक्षा सहित आम रोहिणी गाउँपालिका निवासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजीवी समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्देश्य, प्राथमिकताका साथ अघि सारेको बार्षिक बजेटको कार्यान्वयनबाट यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुऱ्याउने कुरामा विश्वास राख्दै बार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सम्पुर्ण, सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यानध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनगरी यस गाउँपालि़कालाई सुखी र समृद्ध  रोहिणी बनाउन सबैको साथ,सहयोग र सहकार्यको आशा र विश्वासका साथ  विदा माग्दछु ।

मितिः२०८२/०३/१०

धन्यवाद, जय रोहिणी।
शिव कान्ती चमार
गाउँपालिका उपाध्यक्ष